**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य कार्यालय**
**बर्दिया**

जनस्वास्थ्य बुलेटिन
अंक: १
महिना: बैशाख
आ. व: २०८२/८३

**जनस्वास्थ्य बुलेटिन- बैशाख २०८३**

## मुख्य उपलब्धीहरु

- सडक दुर्घटना न्यूनीकरण कार्यक्रमः ट्राफिक प्रहरीको सहयोगमा राजापुर, गुलरिया, भुरिगाउँ, बाँसगढी तथा भोलागौडी क्षेत्रमा जनचेतना अभिमुखिकरण तथा सवारी साधनमा सुरक्षित यात्रासम्बन्धी स्टिकर टाँस्ने कार्य सम्पन्न।
- मातृ शिशु स्वास्थ्य कार्यक्रमको जिल्ला स्तरिय समिक्षा तथा अभिमुखिकरण
- कुपोषण नियन्त्रण पहलः ६—५९ महिनाका बालबालिकाको पहिचान तथा व्यवस्थापन सम्बन्धी अभिमुखिकरण, IMAM तालिम, OTC सेवा सञ्चालन, RUTF तथा Super Cereal Plus वितरण।
- परिवार योजना सुदृढीकरणः नर्सिङ कर्मचारीलाई DMT, MEC प्रयोग, कोचिङ, मेन्टरिङ र स्याटालाइट क्लिनिक सञ्चालन सम्बन्धी प्रशिक्षण।
- BHS/STP अभिमुखिकरणः आधारभुत स्वास्थ्य सेवा स्तरिय उपचार पद्धति सम्बन्धी स्वास्थ्यकर्मी अभिमुखिकरण दुई ब्याचमा सम्पन्न।
- खाद्य पदार्थमा विषादी न्यूनीकरणः कृषक, एग्रोभेट व्यवसायी तथा पत्रकारलाई अभिमुखिकरण, कृषि फर्म अनुगमन, सुरक्षित कृषि अभ्यास र जैविक प्रविधि प्रवर्द्धन।
- मलेरिया केसबेस सर्वेः गेरुवा गाउँपालिका र बढैयातालमा मलेरिया रोगी खोजपडताल ।
- ENT/EYE तथा ORAL HEALTH अभिमुखिकरणः गु स्वास्थ्यकर्मीलाई प्राथमिक उपचार सम्बन्धी क्षमता अभिवृद्धि
- कुष्ठरोग नियन्त्रणः LPEP अभिमुखिकरण, सम्पर्क परीक्षण, SDR औषधि वितरण, शून्य कुष्ठरोग लक्ष्यतर्फ योगदान।
- पूर्ण खोप सुनिश्चितताः गेरुवा गाउँपालिका र बारबर्दिया नगरपालिका मा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि १० दिने आधारभूत तालिम

## संचालित कार्यक्रमहरुको विवरण

### ट्राफिक प्रहरीको सहयोगमा दुर्घटना न्यूनीकरणका लागि जनचेतना अभिमुखिकरण तथा सवारी साधनमा स्टिकर टाँस्ने कार्यक्रम

स्वास्थ्य कार्यालय बर्दियाको आयोजनामा ट्राफिक प्रहरीको सहयोगमा २०८२/१२/२३ देखि २०८३/०१/०४ सम्म राजापुर, गुलरिया, भुरिगाउँ, बाँसगढी तथा भोलागौडी क्षेत्रमा सडक दुर्घटना न्यूनीकरणका लागि जनचेतना अभिमुखिकरण तथा सवारी साधनमा सन्देशमूलक स्टिकर टाँस्ने कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा चालक तथा सहचालकलाई ट्राफिक नियम, सुरक्षित सवारी सञ्चालन, हेल्मेट/सिटबेल्ट प्रयोग, गति नियन्त्रण तथा मदिरा सेवन गरी सवारी चलाउँदाको जोखिमबारे अभिमुखिकरण गरिएको थियो। साथै, सवारी साधनमा सुरक्षित यात्रासम्बन्धी सन्देशयुक्त स्टिकर टाँस्ने कार्य सम्पन्न गरियो। कार्यक्रमबाट सहभागीहरूमा ट्राफिक नियमसम्बन्धी ज्ञान तथा सुरक्षित सवारी सञ्चालनप्रति सकारात्मक सोचको विकास भएको, स्थानीय स्तरमा सडक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि भएको तथा ट्राफिक प्रहरी र समुदायबीच सहकार्य सुदृढ भएको निष्कर्ष निकालिएको छ।





### मातृ शिशु स्वास्थ्य कार्यक्रमको जिल्ला स्तरिय समिक्षा तथा अभिमुखिकरण

बैशाख २ र ३ गते सम्पन्न जिल्ला स्तरिय समिक्षा तथा अभिमुखिकरणमा Birthing Center, BEONC Site र CEONC Site लगायतका स्थानीय तहका प्रजनन स्वास्थ्य सेवाहरूको समीक्षा गरियो। बैठकले सुरक्षित मातृत्व, नवजात स्वास्थ्य, परिवार नियोजन तथा किशोर—किशोरी स्वास्थ्य शिक्षा क्षेत्रमा उपलब्धि र चुनौतीहरू पहिचान गर्दै आगामी कार्ययोजना तय गऱ्यो। कार्ययोजनामा Birthing Center सुदृढीकरण, BEONC विस्तार, CEONC सुदृढीकरण, स्थानीय तह सहकार्य तथा समुदायिक सहभागिता बढाउने सचेतना अभियानलाई प्राथमिकता दिइएको छ। यसले मातृ—नवजात मृत्युदर घटाउने, ग्रामीण क्षेत्रमा सेवा पहुँच विस्तार गर्ने, र प्रजनन स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने दीर्घकालीन लक्ष्यलाई अघि बढाउने अपेक्षा गरिएको छ।




## स्वास्थ्यकर्मी मार्फत कुपोषित बालबालिकाहरुको खोजपडताल कार्यक्रमको अभिमुखिकरण

लुम्बिनी प्रदेश सरकार अन्तर्गत सञ्चालन भएको "महिला, बालबालिका, किशोरी तथा पोषण सुधार कार्यक्रम" अन्तर्गत बर्दिया जिल्लामा स्वास्थ्यकर्मीहरूका लागि कुपोषित बालबालिकाको पहिचान तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा ६—५९ महिनाका कुपोषित बालबालिकाको समुदायस्तरमै पहिचान, परामर्श, सिफारिस तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयमा छलफल गरिएको थियो। कार्यक्रममा प्रस्तुत NDHS 2022 अनुसार लुम्बिनी प्रदेशमा २५ प्रतिशत बालबालिका पुड्कोपन तथा १६ प्रतिशत बालबालिका ख्याउटेपनबाट प्रभावित रहेको तथ्य उल्लेख गरिएको छ। बर्दिया जिल्लाका ८ वटै स्थानीय तहका स्वास्थ्य तथा पोषण फोकल व्यक्तिहरूको सहभागितामा जिल्लास्तरीय पोषण लेखाजोखा अभियानका लागि माइक्रोप्लान तयार गरिएको छ। साथै HKI तथा थारु महिला उत्थान केन्द्रको समन्वयमा स्वास्थ्यकर्मीहरूलाई IMAM सम्बन्धी तालिम प्रदान गरिएको छ। जिल्लाका सबै ७५ वडामा Outpatient Therapeutic Care (OTC) सेवा सञ्चालनको व्यवस्था गरिएको छ भने IMAM रजिस्टर, प्रतिवेदन फाराम तथा आवश्यक सामग्री स्वास्थ्य संस्थाहरूमा वितरण गरिएको छ। कुपोषित बालबालिकाको उपचार तथा पोषण पुनर्स्थापनाका लागि RUTF र Super Cereal Plus लगायतका पोषण सामग्री सबै OTC केन्द्रहरूमा सुनिश्चित गरिएको छ।






## परिवार योजना सुदृढीकरण कार्यक्रम

स्वास्थ्य कार्यालय, बर्दियाले आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत परिवार योजना सुदृढीकरण, अभिमुखीकरण, समीक्षा तथा योजना तर्जुमा कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ। मातृ मृत्युदर (हाल १५१/१००,०००) घटाउने, आधुनिक परिवार योजनाका साधनको प्रयोग दर (३९%) बढाउने र असुरक्षित गर्भपतनलाई न्यूनीकरण गर्ने उद्देश्यले सञ्चालित यस कार्यक्रममा जिल्लाका सबै पालिकाका नर्सिङ कर्मचारीहरूलाई सहभागी गराइएको थियो। कार्यक्रम अवधिभर सहभागीहरूलाई DMT र MEC को सही प्रयोग, कोचिङ, मेन्टरिङ र स्याटालाइट क्लिनिक सञ्चालनका विषयमा प्रयोगात्मक अभ्याससहित प्रशिक्षण दिइएको थियो। संघीय सरकारको ३,३५,००० बजेटमा सञ्चालित यस पहलले सेवाको पहुँच बाहिर रहेका महिलाहरूलाई दीर्घकालीन साधन प्रदान गर्न, प्रजनन स्वास्थ्यमा सुधार ल्याउन र नेपालले अंगीकार गरेको दिगो विकास लक्ष्य (SDG) पूरा गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ।




## आधारभुत स्वास्थ्य सेवा स्तरिय उपचार पद्धति ( BHS/STP) सम्बन्धि स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण

उपचारात्मक सेवा कार्यक्रम अन्तर्गत बर्दिया जिल्लामा आधारभुत स्वास्थ्य सेवा स्तरिय उपचार पद्धति (BHS/STP) सम्बन्धी स्वास्थ्यकर्मी अभिमुखिकरण कार्यक्रम दुई ब्याचमा सफलतापूर्वक सञ्चालन गरिएको छ। कार्यक्रममा स्वास्थ्य संयोजक, सहसंयोजक, आधारभुत अस्पतालका स्वास्थ्यकर्मी तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत डाक्टर, नर्स र पारामेडिक्सहरूको सहभागिता रहेको थियो। तीन दिने अभिमुखिकरणमार्फत स्वास्थ्यकर्मीहरूलाई आधारभुत स्वास्थ्य सेवा स्तरिय उपचार पद्धति, आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचारबारे ज्ञान तथा सीप अभिवृद्धि गरिएको छ। कार्यक्रम ROPES विधि, भूमिकाखेल तथा सहभागितामूलक सिकाइ प्रक्रियामार्फत सञ्चालन गरिएको थियो। स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्थानीय तह तथा अस्पतालहरूसँग समन्वय गरी बर्दिया अस्पतालका अनुभवी चिकित्सक तथा दक्ष सहजकर्तामार्फत प्रशिक्षण प्रदान गरिएको थियो। कार्यक्रमबाट स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सकारात्मक सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरूको न्यूनतम स्वास्थ्य मापदण्ड सम्बन्धी समीक्षा, अनुगमन तथा सुदृढीकरणमा समेत जोड दिइएको छ।





## खाद्य पदार्थको पोषण प्रबर्धन तथा उत्पादनको क्रममा प्रयोग भएको बिषादीको असर न्यूनिकरण कार्यक्रम

स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा २०८३ वैशाख महिनामा "खाद्य पदार्थको पोषण प्रवर्द्धन तथा उत्पादनको क्रममा प्रयोग भएको विषादीको असर न्यूनीकरण कार्यक्रम" सञ्चालन गरिएको थियो। कार्यक्रम अन्तर्गत गुलरियामा कृषक, एग्रोभेट व्यवसायी तथा पत्रकारहरूको सहभागितामा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिनुका साथै राजापुर नगरपालिकाका विभिन्न कृषि फर्महरूको अनुगमन गरिएको थियो। अनुगमनका क्रममा अधिकांश कृषकहरूले सिफारिसभन्दा बढी मात्रामा विषादी प्रयोग गर्ने, PPE प्रयोग नगर्ने, waiting period पालना नगर्ने तथा विषादीका खाली कन्टेनर असुरक्षित रूपमा व्यवस्थापन गर्ने गरेको पाइयो। साथै केही कृषकमा विषादीका कारण स्वास्थ्य समस्या समेत देखिएको थियो। कार्यक्रममार्फत सुरक्षित कृषि अभ्यास, IPM तथा जैविक कृषि प्रविधिप्रति चेतना अभिवृद्धि हुनुका साथै सरोकारवाला निकायबीच समन्वय र सहकार्य सुदृढ भएको निष्कर्ष निकालिएको छ।





## मलेरिया केशबेस सर्भिलेन्स

मलेरिया बिरामी रहेको स्थानमा अन्य ब्यक्तीहरुमा समेत सो रोग सर्न सक्ने भएकोले बिरामी देखिएको स्थानमा समयमै खोजपडताल गरि नया मलेरिया रोगी समयमै पत्ता लगाई उपचार गर्न सकेमा रोगको थप फैलावट रोक्न सकिन्छ ।

कार्यक्रमको उद्देश्यः मलेरियाका नयाँ बिरामीहरु पत्ता लाग्ने छन साथै नयाँ बिरामीले समयमानै उपचार पाउनेछन ।

संचालन प्रकृयाः मलेरिया रोगी देखिएको स्थानलाई मध्यनजर गरी मलेरियाको केशबेस सर्विलेन्स गरिएको । रोगीको खोजपडतालका लागि पहिलो मलेरिया रोगी भेटीएको घर तथा स्थान लाई आधार मानी गांउ बस्ती हरुमा कम्तीमा २५ देखि ५० घर सर्वे गरि कार्यक्रम संचालन गरियको ।

१. मलेरिया केसबेस सर्विलेन्स गरेको स्थानः गेरुवा गांउपालिका वार्ड नं ४, दक्षिणपुर ।

२. मलेरिया केसबेस सर्विलेन्स गरेको स्थानः बढैयाताल ७ पडरिया मगरटोल



औलो जाँचः २५ जना (गेरुवा)
२२ जना (बढैयाताल)



औलो पोजेटिभः ० (गेरुवा र बढैयाताल)





## ENT/EYE तथा ORAL HEALTH सम्बन्धि स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण कार्यक्रम

उपचारात्मक सेवा कार्यक्रम अन्तर्गत ENT/EYE तथा ORAL HEALTH सम्बन्धी स्वास्थ्यकर्मी अभिमुखिकरण कार्यक्रम २०८३ बैशाख २५—२७ गते गुलरिया, बर्दियामा सम्पन्न भयो। यस कार्यक्रममा बर्दिया जिल्लाका विभिन्न स्वास्थ्य चौकी, नगर अस्पताल तथा गाउँपालिकाबाट आएका ४० भन्दा बढी स्वास्थ्यकर्मी सहभागी भए। नारायण प्रसाद चौधरी, डा. मनोज कुमार शाह, मान बहादुर नेपाली र बल बहादुर चौधरी जस्ता दक्ष सहजकर्ताले प्रशिक्षण सञ्चालन गरेका थिए। कार्यक्रमले आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचारमा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय सेवा प्रदायक बन्ने आधार तयार गऱ्यो। साथै, स्थानीय जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतलाई समेत समावेश गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। अभिमुखिकरणपछि स्वास्थ्य संस्थामा कार्यान्वयनका लागि छलफल, अन्तर्क्रिया तथा अनुगमन व्यवस्थालाई सुदृढ गर्नुपर्ने सुझाव पनि प्रस्तुत गरियो। यस कार्यक्रमले जिल्लामा ENT/EYE तथा ORAL HEALTH सेवाको सुदृढीकरणतर्फ महत्वपूर्ण योगदान पुऱ्याएको छ।





## कुष्ठरोग बिरामी सक्रिय खोजपड्ताल, LPEP (Leprosy Post-Exposure Prophylaxis) सम्बन्धी अभिमुखीकरण

कुष्ठरोग नियन्त्रण तथा रोकथामलाई थप प्रभावकारी बनाउन "कुष्ठरोग बिरामी सक्रिय खोजपड्ताल, LPEP (Leprosy Post-Exposure Prophylaxis) सम्बन्धी अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ ।कार्यक्रममा स्वास्थ्य संस्था प्रमुख, स्वास्थ्यकर्मी तथा सम्बन्धित सरोकारवालाहरूको सहभागिता रहेको थियो । अभिमुखीकरणका क्रममा कुष्ठरोगको प्रारम्भिक पहिचान, सम्पर्क परीक्षण, Case Based Reporting, तथ्याङ्क व्यवस्थापन तथा योग्य सम्पर्क व्यक्तिहरूलाई Single Dose Rifampicin (SDR) प्रदान गर्ने प्रक्रिया सम्बन्धी जानकारी प्रदान गरिएको थियो ।अभिमुखीकरण पश्चात् जिल्लाका सम्पूर्ण स्थानिय तहहरुमा LPEP कार्यक्रम औपचारिक रूपमा सञ्चालनमा आएको कार्यक्रमअन्तर्गत कुष्ठरोग बिरामीका परिवार तथा नजिकका सम्पर्कहरूलाई स्क्रिनिङ गरी योग्य व्यक्तिहरूलाई SDR औषधि प्रदान गरिनेछ ।यस कार्यक्रमले समुदायमा कुष्ठरोगको संक्रमण न्यूनीकरण गर्न, लुकेका बिरामी पहिचान गर्न तथा शून्य कुष्ठरोगको लक्ष्य प्राप्तिमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।






## पुर्ण खोप भेरिभिकेसन तथा अनुगमन

जिल्ला समन्वय समिति प्रमुखको अगुवाइमा बारबर्दिया र गेरूवा पालिकाका केही वडामा "पूर्ण खोप भेरिफिकेसन तथा अनुगमन" कार्यक्रम सम्पन्न गरिएको छ। यस अभियानमार्फत खोप लगाइसकेका वालबालिका छुटेका छैनन् भन्ने सुनिश्चितता गरिएको छ। स्थानीय स्वास्थ्यकर्मी, विद्यालय तथा समुदायको सक्रिय सहभागितासहित गरिएको अनुगमनले बालबालिकाको खोप स्थिति स्पष्ट गर्न, स्वास्थ्य सेवा अझ प्रभावकारी बनाउन, र पालिकाको सामुदायिक स्वास्थ्य सूचकाङ्कलाई मजबुत बनाउन सहयोग पुऱ्याएको छ।





## पूर्ण खोप सुनिश्चितता कार्यक्रम

गेरुवा गाउँपालिका र बारबर्दिया नगरपालिकामा पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न भएका छन्। गेरुवा गाउँपालिकामा वैशाख २१ गते, बारबर्दिया नगरपालिकामा वैशाख ३० गते उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको हो। साथै आगामी दिनमा जिल्लाका अन्य स्थानीय तहहरूले पनि पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न गर्ने तयारी गरिरहेका छन्।






## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका १० दिने आधारभूत तालिम

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू(FCHVs) को ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले १० दिने आधारभूत तालिम बाँसगढी नगरपालिकामा वैशाख १३ देखि २२ गतेसम्म र बढैयाताल गाउँपालिकामा वैशाख १५ देखि २४ गतेसम्म संचालन भएको थियो। तालिममा समुदायस्तरमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य, खोप, पोषण, परिवार नियोजन, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन लगायतका विषयमा पुनर्ताजगी ज्ञान प्रदान गरिएको थियो। यस कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय बर्दियामा कार्यरत कर्मचारी र स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरुले गर्नुभएको थियो।






## जिल्लाका वैशाख महिनाको १० स्वास्थ्य समस्याहरुको सूची

| ICD-11 कोड | स्वास्थ्य समस्या | केस संख्या |
|---|---|---|
| CA07 | Upper Respiratory Tract Infection | १०७८ |
| DA42 | Gastritis | ९८१ |
| ME05.1 | Non-infectious Diarrhoea | ६९१ |
| EA60 | Fungal Infection | ५५० |
| EA8Z | Dermatitis/Eczema | ४७६ |
| BA00 | Hypertension | ४३१ |
| CA4Z | AR/Lower respiratory tract infection | २८८ |
| 1G04 | Scabies | २४९ |
| 5A14 | Diabetes melitus | २२७ |
| GC08 | Urinary tract infection | २०४ |

## स्वास्थ्य कार्यालयको "जेठ" को लागि कार्ययोजना

- खाद्य पदार्थको पोषण प्रवर्दन तथा उत्पादनको क्रममा प्रयोग भएको विषादीको असर न्यूनिकरण कार्यक्रम अन्तर्गत कृषि फर्ममा अनुगमन
- सूर्तिजन्य सेवन तथा लागु पदार्थको दुर्व्यसनको अवस्था र असरबारे उच्च जोखिममा रहेको समुदायमा अन्तरक्रिया
- एचआईभी सम्बन्धि लान्छना तथा भेदभाव घटाउन स्कुलहरुमाहरुमा अभिमुखीकरण
- एचआईभी सम्बन्धि लान्छना तथा भेदभाव कम गर्न जनप्रतिनिधि,पत्रकार,प्रहरी, एचआईभी संक्रमित तथा मुख्य जोखिम समूहमा अभिमुखीकरण संचालन
- सामुदायिक विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण सम्बन्धी पालिका स्तरिय अभिमुखिकरण
- BMS ACT लगायत स्तनपान सम्बन्धि सरोकारवाला निकायहरुलाई अभिमुखिकरण
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि पुनर्ताजगी तालिम
- कुष्ठरोग बिरामी सक्रिय खोजपड्ताल, LPEP (Leprosy Post-Exposure Prophylaxis)
- RRT परिचालन तथा महामारी नियन्त्रण

## स्वास्थ्य कार्यालयको अनुरोध

**बालबालिकाको पोषण सुधारः** हाल लुम्बिनी प्रदेशमा २५% बालबालिका पुड्कोपन र १६% बालबालिका ख्याउटेपनबाट प्रभावित छन्। यसलाई जरोमै उखेल्न स्थानीय तह, NGO, विद्यालय र अभिभावकबीच बलियो सहकार्य आवश्यक छ। पोषण सामग्री (RUTF, Super Cereal Plus) को निरन्तर आपूर्ति र समुदायस्तरमै सक्रिय खोजपडतालले बालबालिकाको जीवनरक्षा गर्न सक्नेछ।

**पूर्ण खोप सुनिश्चितता विस्तारः** गेरुवा र बारबर्दियामा पूर्ण खोप घोषणा भइसकेको छ, तर बाँकी पालिकामा पनि तुरुन्तै विस्तार गर्नुपर्नेछ। प्रत्येक बालबालिकाले जीवनरक्षक खोप पाउनु केवल स्वास्थ्य कार्यक्रम होइन, यो भविष्यको सुरक्षा कवच हो।

**सुरक्षित मातृत्व अभियानः** मातृ मृत्युदर अझै १५१ प्रति १,००,००० जन्ममा रहेको छ। यसलाई घटाउन गर्भपतन न्यूनीकरण, दीर्घकालीन परिवार योजना साधनको पहुँच विस्तार, र स्थानीय तहमा व्यापक मातृत्व स्वास्थ्य कार्यक्रम सञ्चालन अनिवार्य छ। सुरक्षित मातृत्व अभियानले महिलाको जीवन मात्र होइन, सम्पूर्ण परिवारको भविष्य सुरक्षित गर्छ।

## सम्पर्कको लागि

**सूचना अधिकारीः** पदमा कुमारी श्रेष्ठ (प.हे.न) +९७७ ९८५८०२१९९४ , shresthapadma85@gmail.com

**गुनासो सुन्ने अधिकारीः** नारायण प्रसाद चौधरी, जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुख +९७७ ९८५८०७००२७

**हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय)**: १११५




| कार्यालयको ठेगाना | प्रशासनिक ठेगाना | कार्यालयको इमेल | सम्पर्क नं |
|---|---|---|---|
| बर्दिया, लुम्बिनी प्रदेश | गुलरिया-६, बर्दिया, लुम्बिनि प्रदेश | healthoffice.bardiya@gmail.com | ९८५८०७००२७ |




स्वास्थ्य कार्यालय, बर्दियाको वेबसाइट

स्वास्थ्य कार्यालय, बर्दियाको फेसबुक पेज